रुन्टीगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
होलेरी, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

जनक पुन
अध्यक्ष

## बैठक नं.७

आज मिति २०७९।०५।१० गते शुक्रबारका दिन रुन्टीगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय होलेरी, रोल्पाका अध्यक्ष श्री जनक पुनज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो।

### तपसिल

| क्र.सं. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | जनक पुन | अध्यक्ष | रुन्टीगढी ७, रोल्पा | |
| २ | सरिता के.सी. | उपाध्यक्ष | रुन्टीगढी ३, रोल्पा | |
| ३ | रेमन्त बहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| ४ | थम बहादुर घर्ती मगर | १ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी १, रोल्पा | |
| ५ | भिउलाल पुन मगर | २ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी २, रोल्पा | |
| ६ | गणेश गिरी | ३ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ३, रोल्पा | |
| ७ | टंक बहादुर पुन | ४ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ४, रोल्पा | |
| ८ | गोविन्द बहादुर डाँगी | ५ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ५, रोल्पा | |
| ९ | घन बहादुर घर्ती मगर | ६ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ६, रोल्पा | |
| १० | टेकलाल पुन | ७ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ७, रोल्पा | |
| ११ | तुल्सी पुन | ८ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ८, रोल्पा | |
| १२ | चेतलाल खत्री | ९ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ९, रोल्पा | |
| १३ | रेशमा बहकरी | कार्यपालिका सदस्य | रुन्टीगढी ८, रोल्पा | |
| १४ | प्रेमा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी ६, रोल्पा | प्रेमा |
| १५ | रिता के.सी. | कार्यपालिका सदस्य | रुन्टीगढी ५, रोल्पा | |
| १६ | गंगा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी २, रोल्पा | गंगा |
| १७ | रेख बहादुर वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी १, रोल्पा | |
| १८ | गिरीराज कामी | कार्यपालिका सदस्य | रुन्टीगढी ३, रोल्पा | |
| १९ | सानुबाबु खड्का | प्रशासन अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २० | झग्गु के.सी. | लेखा अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २१ | गोपाल पोखरेल | लेखा पा. | —"— | |

रुन्टीगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
होलेरी, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

जनक पुन
अध्यक्ष

**प्रस्ताव तथा निर्णयहरु:**

१. खरिद सम्बन्धी कार्य योजना सम्बन्धमा।

२. राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि कार्यान्वयन सम्बन्धमा।

३. आवश्यक कर्मचारीको पदमा विज्ञापन गर्ने सम्बन्धमा।

४. लघुउद्दम विकास कार्यक्रमका लागी वडा छनौट सम्बन्धमा।

५. संचितकोष रकमको संचालन तथा व्यवस्थापन सम्बन्धमा।

६. डाक्टरको पारिश्रमिक सम्बन्धमा

७. आर्थिक सहयोग सम्बन्धमा। ।

**निर्णय नं १.**

रुन्टीगढी गाउँपालिकाका योजना खरिद सम्बन्धी कार्य संचालनका लागि सम्पूर्ण वडाहरुमा असोज मसान्तसम्म उपभोक्ता समिति गठन गरिसक्नु पर्ने र कार्तिक मसान्तसम्म सम्पूर्ण वडाका तथा गाउँपालिकाका योजना तथा ठेक्का सम्झौता गरिसक्नु पर्ने साथै योजना सम्झौताका लागि विविधत तरिकाले दर्ता भएका टोल विकास संस्था तथा उपभोक्ता समितिबाटखरिद साथै दर्तावाल टोल विकास संस्था तथा उपभोक्ता समिति नभएको अवस्थामा गठन गरिएका उपभोक्ता समितिबाट योजना सम्झौता गर्ने। साथै सडक निर्माणका सम्पूर्ण योजनाहरुलाई टेण्डर प्रक्रियाबाट सम्झौता गरि कार्यान्वयन गर्ने र अन्य निर्माण योजनाको हकमा १० लाख भन्दा तल उपभोक्ता समितिबाट सम्झौता गर्ने ।

निर्णय गरियो।

**निर्णय नं २**

रुन्टीगढी गाउँपालिकाकोस्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ सम्बन्धमा देहाय बमोजिम गर्ने

क) भाग ३ प्रकरण नं १ मा राजपत्रको प्रकाशनको जिम्मेवारी कार्यपालिकाबाट तोक्ने व्यवस्था भएकोले सो अनुसार कार्यालयको स्टोर शाखा/जिन्सि शाखाबाट प्रकाशन सम्बन्धी कार्य गर्ने

ख) सोही भागको प्रकरण नं २ मा भएको प्रकाशन पूर्व सम्पादन सम्बन्धी व्यवस्थामाकार्यालयको कानून शाखा वा इकाई बाट गर्ने भन्ने उल्लेख भएकोमा सो को सट्टा "कानून शाखा/प्रशासन शाखाबाट गर्ने" भन्ने शब्दावली राख्ने।

**निर्णय नं ३**

रुन्टीगढी गाउँपालिका वडा नं ९ मा रहेको स्वास्थ्य इकाई केन्द्रमा १ जना अ.हे.ब.,वडा नं ५ को सैबाङ बर्थिङ सेन्टरका लागि १ जना अ.न.मी.(स्वास्थ्य शाखासँग समन्वय गरि आवश्यक पर्ने भए बढी समेत)का साथै ३ जना कार्यालय सहयोगीको आवश्यकता रहेकोले उक्त पदहरुमा विज्ञापन गरि पदपूर्ती गर्ने।

**निर्णय नं ४**

आर्थिक वर्ष ०७९।०८० का लागि लघुउद्दम विकास कार्यक्रम संचालनका लागि लघुउद्दम विकासको लक्ष्यलाई दिगो, परिणाममुखि र उद्दमलाई ब्यवसायमुखि बनाउन यस वर्ष यो कार्यक्रम रुन्टीगढी गाउँपालिकाका वडा नं ६ र ८ मा संचालन गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं ५**

गाउँपालिकाको संचितकोष खातामा रहेको रकम रु ५ करोड ३६ लाखलाई व्यवस्थापन गर्ने सम्बन्धमा योजना तर्जमा गरि रकम विनियोजन गर्ने र उक्त प्रस्तावलाई आउदो गाउँसभाबाट अनुमोदन गर्ने।

**निर्णय नं ६**

रुन्टीगढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय होलेरी, रोल्पाले आ.व. २०७८/०७९ मा गरेको डाक्टरको विज्ञापनमा लिइएको परिक्षामा उत्तीर्ण भइ सिफारिस भएका डाक्टरलाई अधिकृतस्तरको न्युनतम तलबका साथै अतिरिक्त काम गरे वापत प्रोत्साहन स्वरुप मासिक रुपमा रु २०,०००/-(बिस हजार रुपैया) थप गर्ने निर्णय भएकोमा डाक्टरले आफू यस निर्णयमा सहमत नभएको र यस प्रकारको सुविधामा प्राथमिक स्वास्थ्य केन्द्रमा सेवा दिन नसक्ने भनाइ राखेकोले मासिक रुपमा डाक्टरको पारिश्रमिक रकम रु ८०,०००/-(असि हजार रुपैया) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ७**

यस रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अवस्था र घरको आयस्रोतलाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका व्यक्तिहरुलाई निम्नानुसारको आर्थिक सहयोग दिने।

| | | |
|---|---|---|
| १. ओम बहादुर घर्ती | मुटु रोग | रु.१०,०००/- |
| २. भिउमति घर्ती | खुट्टामा समस्या | रु.१०,०००/- |
| ३. सुवित्रा सार्कि | दिर्घ रोगी | रु.८,०००/- |
| ४. कौशिला घर्ती | पहिरो पिडित | रु.८,०००/- |
| ५. कमल चन्द | स्वास्थ्य समस्या | रु.८,०००/- |
| ६. देवा वि क | खुट्टामा समस्या | रु.८,०००/- |
| ७. राम बहादुर घर्ती | फोक्सोमा समस्या | रु.८,०००/- |
| ८. बल बहादुर खड्का | क्यान्सर रोग | रु.८,०००/- |
| ९. अशोक कुमार घर्ती | खेलकुद खर्च माग | रु.१०,०००/- |

रुन्टीगढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय होलेरी, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

जनक पुन
अध्यक्ष